**This Question Paper consists of 31 questions and 7 printed pages.**
**यस प्रश्न–पत्रमा 31 प्रश्न र 7 मुद्रित पृष्ठ छ।**

| Roll No. अनुक्रमांक | | | | | | | | | | | | | Code No. 60/S/A/N Set - A |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|

# NEPALI
# नेपाली
# (231)

**Day and Date of Examination**
**(परीक्षाको दिन अनि दिनाङ्क)** ____________________

**Signature of Invigilators**
**(निरीक्षकहरूको हस्ताक्षर)** 1. ____________________

2. ____________________

**सामान्य अनुदेश :**

1 परीक्षार्थीले आफ्नो रोल नम्बर प्रश्न–पत्रको प्रथम पृष्ठमा लेख्नु पर्नेछ ।

2 प्रश्न–पत्रको कुल पृष्ठ संख्या र कुल प्रश्न संख्या प्रश्न–पत्रको प्रथम पृष्ठको माथिल्लो कुनामा लेखिएको छ। प्रश्न–पत्रको पृष्ठ संख्या पूरा छ या छैन जाँच्नको निम्ति कृपया त्यस संख्यासँग दाजेर हेर्नोस। प्रश्न अनुवर्ती क्रममा छ/छैन त्यो पनि जाँच्न आवश्यक छ ।

3 वस्तुनिष्ठ प्रश्नहरूका दिइएको चार विकल्पहरू (A), (B), (C) तथा (D) देखि कुनै एउटामा दिइएको उत्तर–पुस्तिकामा चिह्नित गर्नोस् ।

4 वस्तुनिष्ठ प्रश्नहरूसँग सबै प्रश्नहरूका उत्तर निर्धारित समयमा लेख्नु पर्नेछ अनि वस्तुनिष्ठ प्रश्नहरूका उत्तरलाई कुनै अतिरिक्त समय–सीमा निश्चित छैन ।

5 उत्तर–पुस्तिकामा परिचयको कुनै चिह्न बनाइएको अथवा निर्दिष्ट स्थान वाहेक अन्य कुनै पनि ठाउँमा रोल नम्बर लेखिएको पाइए, परीक्षार्थीलाई अयोग्य ठहराइन्छ ।

6 उत्तर–पुस्तिकामा आफ्नो प्रश्न–पत्रको कोड नं. **60/S/A/N-A** लेख्नुहोस् ।

# NEPALI
## नेपाली
## (231)

**समय : 3 घण्टा** | **पूर्णाङ्क : 100**

**निर्देश :** (1) **सबै** प्रश्नको उत्तर अनिवार्य छ।
(2) सबै प्रश्नहरू ध्यानपूर्वक पढ्नुहोस् अनि उत्तर दिनुहोस् ।
(3) प्रश्नोत्तर सम्बन्धी दिइएका विकल्पमध्ये सर्वाधिक उपयुक्त उत्तर–पुस्तिकामा चिह्नत गर्नुहोस्।

तलका प्रश्नहरूका **चार** विकल्पहरू माझ सही विकल्पलाई उत्तर–पुस्तिकामा चिह्नित गर्नु पर्नेछ : **11×1=11**

**1** ‘घरमा चञ्चला श्री भईकन पनि देवीरमणका सन्तान थिएनन्’ – यस वाक्यमा ‘चञ्चला श्री’ भनेर कसलाई बुझाइएको छ ?

(A) केटाकेटी (B) पत्नी

(C) कामदारहरू (D) रुपियाँपैसा

**2** ‘चौरस्तामा रिक्सावालहरू भुँडेहरूलाई कलेज पढ्ने साथीहरूले झैं फर्केर पनि हेर्दैनन्,’ – किन ?

(A) भुँडेहरू झगडालु हुन्छन् (B) तान्न गाह्रो पर्छ

(C) पैसा दिन मान्दैनन् (D) चौरस्ता अलपत्र परिन्छ भनेर

**3** माउन्ट एभरेस्टको पौराणिक नाम के हो ?

(A) हिमाल (B) सगरमाथा

(C) गौरीशङ्कर (D) बर्चहिल

**4** ‘त्रिकोण’ नाटकका हरिबाजे को हुन् ?

(A) पुरोहित (B) हत्यारा

(C) सीआइडी इन्स्पेक्टर (D) छिमेकी

**5** ‘एउटा चिट्ठी परेवालाई’ कवितामा के सन्देश दिइएको छ ?

(A) युद्ध (B) शान्ति

(C) पर्यावरण (D) प्रेम

**6** नेपाली साहित्यको ‘कवि शिरोमणि’ को हुन् ?

(A) भानुभक्त आचार्य (B) लेखनाथ पौड्याल

(C) अगमसिँह गिरी (D) पुष्पलाल उपाध्याय

**7** ‘आँखा’ कस्तो रचना हो ?

(A) वैज्ञानिक (B) दार्शनिक

(C) निबन्ध (D) कथा

**8** ‘गोरखाली जाति’ कवितामा कवि गोरखाली जातिमा के चाहन्छन् ?

(A) बुद्धिको भण्डार (B) अर्काको पहिरन मनप्रति मोहित

(C) अर्काको दयाको आशा गर्ने (D) पुर्ख्यौली इतिहास बिर्सने

**9** ‘बेलामा’ निबन्धमा के कुरालाई जीवनका निम्ति अनिवार्य मानिएको छ ?

(A) समय (B) सङ्गीत

(C) रुपियाँपैसा (D) प्रकृति

**10** ‘म यहाँको ढुङ्गा ढुङ्गादेखि परिचित छु, मेरा पुर्खाहरू यहीँ बस्थे’ – प्रस्तुत वाक्य कुन पाठबाट उद्धृत गरिएको हो ?

(A) पद्मा (B) सिपाही

(C) भुँडी (D) बेलामा

**11** ‘एउटा असल ग्रन्थ नष्ट गर्नु र एउटा मानिसको हत्या गर्नु बराबरै हो’ – यो वाक्य कसले भनेका हुन् ?

(A) शेली (B) मिल्टन

(C) आर्नल्ड (D) वर्ड्स्वर्थ

12 निम्नलिखित गद्यांश ध्यानसित पढेर सोधिएका प्रश्नको उत्तर दिनुहोस् : **1+1+2+3+3+3=13**

वीरपूजा सभ्यताको एउटा अङ्ग हो । वीरहरूको विविध ढङ्गले पूजा हुन्छ । तिनीहरूका सालिग निर्माण गरिन्छन्, स्मारक बनाइन्छन् तथा तीन नाउँहरूलाई अजर र अमर गराउन कतिपय संस्थान तथा अनुष्ठान आदिको नामाकरण तिनीहरूकै नाउँमा गरिन्छन् । गाइनेहरू तिनीहरूको वीरगाथा पुस्तापुस्तासम्म गाएर सुनाउँछन् ।

तर इतिहासका दौडमा पछि परेका हामी नेपालीहरूका बिचमा हाम्रा वीरहरूको गौरवगाथा वन–पर्वत, खोलानाला, गौचर आदिमा विलीन भएर गइरहेछन । हामीमा हाम्रा वीरहरूको सालिग निर्माण गर्ने, स्मारक खडा गर्ने क्षमता छैन । पुराना बुढाबुढीहरूसँगै यी वीरहरू सदैवका निम्ति विस्मृतिका गर्भमा भासिएर गइरहेका छन् ।

एकदिन मेरा छात्र–मित्रहरूसँग घुम्न निस्किएको समयमा मैले गेजिङको छेउको एउटा गौचर वनसँग सम्बन्धित नेपालका एकजना 'पाँडे काजी' का नाउँले प्रचलित वीर सेनानी काजी दामोदर पाँडेको विस्मृतिको गर्भमा लुक्न लागेको एउटा सुन्दर किम्वदन्ती सुन्ने अवसर प्राप्त गरेँ । कथा इतिहाससँग सम्बद्ध छ ।

अठाह्रौं शताब्दीको मध्यान्तरमा सतलजदेखि ब्रह्मपुत्रसम्म सूर्यचन्द्राङ्कित झन्डा फहराउने पृथ्वीनारायण शाहको आर्दशलाई कार्यान्वित गराउँदै दक्षिणमा गङ्गाजी आपनो साँध लगाई, पश्चिममा काङ्गडा छुन पुगेका रणबहादुर शाहका संरक्षक बहादुर शाहले सिक्किमको आक्रमणको चाँजो मिलाए । तिनताक सिक्किमको राजधानी आजको गेजिङ बजारदेखि माथि पेमियोन्ची गुम्बा छेउको रापदेन्ची नामक स्थानमा थियो र वर्तमान राजवंशका षष्ठम राजा तेन्जिङ नामग्याल त्यहाँका राजा थिए ।

(i) यहाँ 'वर्तमान' शब्दले कुन कालखण्डलाई बुझाएको छ ?

(A) अहिलेको (B) गोर्खाली फौजले आक्रमण गर्दाको

(C) पृथ्वीनारायण शाहका (D) किम्वदन्ती सुनेका

(ii) 'षष्ठम् राजा' को अर्थ के हो ?

(A) छैटौं राजा (B) दुर्बल राजा

(C) पराक्रमी राजा (D) मिलनसार राजा

(iii) 'पाँडे काजी' कसका सेनानी थिए ?

(iv) पृथ्वीनारायण शाहको उद्देश्य के थियो ?

(v) हाम्रा वीरहरूको गौरवगाथा कहाँ र किन विलीन भएर गइरहेको छ ?

(vi) वीरहरूको पूजा कसरी गर्ने गरिन्छ ?

13 निम्नलिखित पद्यांश ध्यानपूर्वक पढेर सोधिएका प्रश्नका उत्तर लेख्नुहोस् : 1+2+2=5

उत्तरतिर कंस करायो लिई विध्वंशको होड
कंसवृत्तिलाई ध्वंश गराउने चाहियो हामी जोड
सुन ! सुन !! सुन !!! आज परीक्षा स्वदेश प्रेमको
लाञ्छित भईकन बाँच्नुभन्दा लाखन गुनले मृत्यु छ निको
छोड अहिंसाका व्रतयोगी हो भोगी भई अब निस्क !

(i) यहाँ 'कंस' भनेर कसलाई भनिएको हो ?

(ii) 'कंसवृत्ति' भनेको के हो ?

(iii) 'अहिंसाका व्रतयोगी' भनेको के हो ? किन उनीहरूलाई भोगी भई निस्कने आह्वान गरिएको छ ?

14 नाम भनेको के हो ? यसका कतिवटा प्रकारहरू छन् ? 1

15 'नागाहुकी' भनेको के हो ? 1

16 'वृषभनयनी' भनेको के हो ? 1

17 'एउटा चिट्ठी परेवालाई' कविताको मूलभाव खुलस्त पार्नुहोस् । 5

18 'त्रिकोण' नाटकको संक्षिप्त कथासार लेख्नुहोस् । 5

19 'सुदीप्त मान्यवर नेपाल तारा–नेपाल प्रताप वर्द्धक' भनेर कसलाई भनिएको छ ? 1

20 क्रिया भनेको के हो ? 1

21 (क) कुनै दुईवटा शब्दको सन्धि विच्छेद गर्नुहोस्: 2

विद्यार्थी, परोपकार, तत्काल, निष्ठुर ।

(ख) तलका समस्त पदहरूको समास विग्रह गर्नुहोस्: 2

आजभोलि, घरमुनि, सातघुम्ती, लम्बोदर ।

(ग) कुनै दुईवटा शब्दका पर्यायवाची लेख्नुहोस्: 2

चन्द्रमा, सूर्य, घर, आँखा ।

22 तलका कुनै दुईवटा वाग्धारालाई अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्नुहोस्: 2

नाक दुख्नु, पुराण सुनाउनु, तेल लगाउनु, जिब्रो टोक्नु ।

23 तलका उखानहरूको अर्थ लेख्नुहोस् : 1×4=4

(क) लङ्का मार्ने हनुमान जस पाउने ढेडु ।

(ख) सोझो औँलाले घिउ आउँदैन ।

(ग) हुने बिरुवाको चिल्लो पात ।

(घ) अचानाको पिर खुकुरीले जान्दैन ।

24 तपईँको गाउँमा आयोजित मेलबारे एउटा विवरण लेख्नुहोस् । 5

25 स्वच्छता मिसनको महत्त्व बुझाउँदै एउटा अनुच्छेद लेख्नुहोस् । 5

26 तलका कुनै एउटा लोकोक्तिको भाव विस्तार गर्नुहोस् : 5

(क) खाई सार कि लाई सार मरेपछि लम्पसार ।

(ख) पशुपतिको यात्रा सिद्राको व्यापार ।

27 समास भनेको के हो ? यसका भेदहरू बताउनुहोस् । 5

28 आफ्नो गाउँको बाटो ब्रिगिएकोले मरम्मती गरिदिने अनुरोध जनाउँदै पञ्चायत प्रधानलाई पत्र लेख्नुहोस् । 5+2=7

**अथवा**

आफ्नो गाउँको वरिपरि मैलाकुचेलाले फैलाएको दुर्गन्ध, पर्यावरण तथा स्वास्थ्यमा पुऱ्याएको हानिबारे अवगत गराउँदै जिल्लापाललाई चिट्ठी लेख्नुहोस् ।

29 तलका दुईवटा शब्दका अक्षर र वर्ण छुट्ट्याएर लेख्नुहोस् : 2

पसल, आमा, बलियो, नरेश ।

30 अल्पविराम (,), अर्धविराम (;), पूर्णविराम (।), विस्मयादिबोधक (!) र प्रश्नवाचक (?) चिह्न प्रयोग गरी वाक्य लेख्नुहोस् । 5

31 कुनै एउटा विषयमा 200 शब्दभित्र निबन्ध लेख्नुहोस् : 10

(क) पर्यावरण ।

(ख) समाचार माध्यम र यसको भूमिका ।

(ग) विद्यार्थी जीवन सुनौलो जीवन ।

(घ) खेलकुदको महत्त्व ।